# दुल्लू नगरपालिका

# स्थानीय राजपत्र

| खण्डः ६ | संख्याः १० | २०७९ साल असार ३१ गते |
|---|---|---|


## भागः २

दुल्लू नगरपालिका, नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## पूर्ण अशक्त अपांगहरुलाई यातायात खर्च उपलव्ध गराउने सम्वन्धी कार्यविधि–२०७९

**प्रस्तावना** : नगर उप प्रमुख प्रमुख श्री बिना कार्की ज्यूको मिति २०७९/०२/०६ गते पदभार ग्रहणको समयमा गरिएको निर्णयानुसार यस नगरपालिकामा पूर्ण अशक्त अपांगता ('क' वर्गको परिचय पत्र) भएका व्यक्तिहरुलाई नगरपालिकामा परिचय पत्र लिन आउँदा एक पटकका लागि खाजा तथा यातायात खर्च उपलव्ध गराउने कार्यलाई प्रभावकारी, पारदर्शी र व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

दुल्लू नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि दुल्लू नगर कार्यपालिकाको मिति २०७९।०३।२७ गतेको वैठकवाट "पूर्ण अशक्त अपांगलाई यातायात खर्च उपलव्ध गराउने सम्वन्धी कार्यविधि–२०७९" पारित गरि लागु गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "पूर्ण अशक्त अपांगलाई यातायात खर्च उपलव्ध गराउने सम्वन्धी कार्यविधि–२०७९" रहेको छ ।
(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय र प्रसंगले फरक अर्थ नलागेमा यस कार्यविधिमा,
(क) "उप प्रमुख" भन्नाले दुल्लू नगरपालिकाको उप प्रमुख सम्झनु पर्दछ ।
(ख) "कार्यपालिका" भन्नाले दुल्लू नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।
(ग) "कार्यालय" भन्नाले दुल्लू नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।
(घ) "नगरपालिका" भन्नाले दुल्लू नगरपालिकालाई सम्झनु पर्दछ ।
(ङ) "नगर सभा" भन्नाले दुल्लू नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।
(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले दुल्लू नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ । सो शव्दले आर्थिक अधिकार प्राप्त निमित्त प्रमुख प्रशासकीय अधिकृत समेतलाई जनाउनेछ ।
(छ) "पूर्ण अशक्त अपांग" भन्नाले यस नगरपालिकाको "अपांगता भएका व्यक्तिको परिचयपत्र वितरण सम्वन्धी कार्यविधि २०७५" को दफा ४ (क) बमोजिमको समितिले पूर्ण अशक्त अपांग भनि तोकेको व्यक्ति सम्झनु पर्दछ ।

(ज) "व्यवस्थापकीय कार्य" भन्नाले सम्वन्धित लाभग्राहीहरुको निवेदन संकलन गर्ने, आवश्यक कागजातहरु पुगे नपरगेको रुजु गर्ने, भुक्तानीको लागि प्रमुख प्रशासकीय अधिकृत ज्यू समक्ष सिफारिस गर्ने तथा लाभग्राहीहरुको अभिलेख दुरुस्त राखि प्रतिवेदन गर्ने लगायतका कार्यहरु सम्झनु पर्दछ ।

(झ) "लैंगिक समता तथा सामाजिक समावेशीकरण शाखा" भन्नाले यस नगरपालिकाको लैंगिक समता तथा सामाजिक समावेशीकरण शाखा सम्झनु पर्दछ ।

३. **उद्देश्य** : यस नगरपालिकामा पूर्ण अशक्त अपांगता ('क' वर्गको परिचय पत्र) भएका व्यक्तिहरुलाई नगरपालिकामा परिचय पत्र लिन आउँदा एक पटकका लागि खाजा तथा यातायात खर्च उपलव्ध गराउने कार्यलाई प्रभावकारी, पारदर्शी र व्यवस्थित गर्नु यस कार्यविधिको मुख्य उद्देश्य रहेको छ ।

४. **सुविधा प्रदान गर्न सक्ने** : (१) यस नगरपालिकामा पूर्ण अशक्त अपांगता ('क' वर्गको परिचय पत्र) भएका व्यक्तिहरुलाई नगरपालिकामा परिचय पत्र लिन आउँदा एक पटकका लागि खाजा तथा यातायात खर्च वापत देहाय अनुसारको रकम एकमुष्ट उपलव्ध गराउन सकिने छ :

(क) वडा नं. ११, १२ र १३ वाट आउने नागरिकहरुलाई एकमुष्ट रु २,५००।०० (अक्षरुपी दुई हजार पाँच सय मात्र)

(ख) वडा नं. १, २, ३, ६, ९ र १० बाट आउने नागरिकहरुलाई एकमुष्ट रु २,०००।०० (अक्षरुपी दुई हजार मात्र)

(ग) वडा नं ४, ५, ७ र ८ बाट आउने नागरिकहरुलाई एकमुष्ट रु १०००।०० (अक्षरुपी एक हजार मात्र)

(२) नगरपालिकाले उपदफा (१) बमोजिमको सुविधा उपलव्ध गराउँदा  कार्यालयको लैंगिक समता तथा सामाजिक समावेशीकरण शाखाको तोकिएको कर्मचारीलाई पेश्की उपलव्ध गराई सो कर्मचारी मार्फत सुविधा प्रदान गरिनेछ ।

(३) उपदफा (२) बमोजिम तोकिएको कर्मचारीले लाभग्राही कार्यालयमा आएकै दिन निजको अभिलेख राखी तोकिए बमोजिमको रकम निज वा निजको संरक्षकलाई प्रदान गरी भरपाई गरि राख्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम तोकिएको कर्मचारीले लिएको पेश्की रकम सकिएमा तत्काल अर्को पेश्की लिनु पर्नेछ भने यदि पेश्की रकम वचत नभएको अवस्थामा यस कार्यविधि बमोजिम सेवा उपलव्ध गराउनु पर्ने भएमा तोकिएको कर्मचारीले पछि भुक्तानी लिने गरी त्यस्तो सेवा उपलव्ध गराउनु पर्नेछ ।

५. **बजेट व्यवस्थापन** : यस कार्यविधि बमोजिमको सुविधा उपलव्ध गराउन नगरपालिकाको वार्षिक कार्यक्रममा **"क वर्गका अपांगलाई परिचय पत्र वितरणका लागि यातायात खर्च"** शिर्षकमा आवश्यकता अनुसार वजेट विनियोजन गरिनेछ । उल्लेखित शीर्षकमा वार्षिक रुपमा विनियोजित वजेट नपुग हुने अवस्थामा जनतासँग नगर उप प्रमुख कार्यक्रमवाट यस कार्यविधि बमोजिमको रकम भुक्तानी गरिनेछ । यदि उल्लेखित शीर्षकमा पनि रकम उपलव्ध हुन नसेकमा विषयवस्तुको गाम्भिर्यतालाई मध्यनजर गरी लगत्तै वस्ने नगर सभाको वैठकवाट अनुमोदन हुने गरी कार्यपालिकावाट आवश्यक वजेट रकमान्तर गर्न सकिनेछ ।

६. **सुविधा प्राप्त गर्न गर्नुपर्ने प्रक्रिया** : यस कार्यविधि बमोजिम सुविधा प्राप्त गर्ने नागरिकले सुविधा लिनुपर्ने अवस्था भएमा लाभग्राही स्वयम वा संरक्षकले कार्यविधिको दफा ४ को उपदफा (२) बमोजिम

तोकिएको कर्मचारी समक्ष लाभग्राहीको नागरिकताको प्रमाणपत्र तथा अपांगता परिचय पत्रको छाँयाप्रति संलग्न राखि अनुसूची १ वमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

७. **भुक्तानी सम्वन्धी व्यवस्था** : यस कार्यविधि बमोजिमको सुविधा कार्यविधिको दफा ४ को उपदफा (२) बमोजिम तोकिएको कर्मचारीलाई पेश्की उपलव्ध गराई प्रदान गरिनेछ भने तोकिएको कर्मचारीले यस कार्यविधिको विभिन्न दफाहरुमा उल्लेखित कागजातका अतिरिक्त अन्य प्रचलित कानूनमा उल्लेख गरिएका कागजातहरु संलग्न राखि अनुसूची २ बमोजिमको प्रतिवेदन संलग्न राखी पेश्की फछ्र्यौट गर्नुपर्नेछ ।

८. **अभिलेख तथा प्रतिवेदन सम्वन्धी व्यवस्था** : यस कार्यविधि बमोजिम प्रदान गरिएको सुविधा सम्वन्धी अनुसूची २ बमोजिमको अभिलेख राख्ने तथा सो को चौमासिक प्रगति नगर कार्यपालिकाको वैठकमा पेश गर्ने लगायतका अन्य व्यवस्थापकीय कार्यहरुको जिम्मेवारी लैंगिक समता तथा सामाजिक समावेशीकरण शाखाको हुनेछ ।

९. **संशोधन गर्न सक्ने** : यो कार्यविधि तथा यसका कुनै दफामा कुनै संशोधन गर्नु परेमा नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

१०. **वाधा अड्काउ फुकाउ अधिकार** : यस कार्यविधिको कार्यान्वयनमा कुनै अन्यौलता उत्पन्न भएका वाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकामा निहित रहनेछ ।

११. **स्वतः खारेज हुने** : यो कार्यविधि तथा यसका कुनै दफा नेपालको संविधान र प्रचलित कानूनसँग वाझिएमा वाझिएको हदसम्म स्वतः खारेज भएको मानिने छ ।

**अनुसूची–१**
**(दफा ६ सँग सम्वन्धित)**
**यातायात सुविधा प्राप्तिका लागि दिनुपर्ने निवेदनको ढाँचा**

मिति : ............./......./.........

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
दुल्लू नगर कार्यपालिकाको कार्यालय, दुल्लू, दैलेख ।

विषय : यातायात सुविधा उपलव्ध गराई पाँऊ ।

महोदय,

प्रस्तुत विषयमा दुल्लू नगरपालिका वडा नं. ....... निवासी, .......................... को नाति/वुहारी, ............................. को छोरा/पत्नि म वा ................................ 'क' वर्गको अपांगता परिचय पत्र लिन यस कार्यालयमा आएकोले कार्यालयको नियमानुसार प्रदान हुने यातायात सुविधा उपलव्ध गराई दिनुहुन यो निवेदन पेश गरेको छु । साथै मेरो नागरिकताको प्रमाण पत्र र अपांगता परिचय पत्रको प्रतिलिपि यसै निवेदनकासाथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

निवेदक
नाम :
ठेगाना :
लाभग्राहीसँगको नाता :
हस्ताक्षर :
मिति :

## अनुसुची–२
### (दफा ८ सँग सम्वन्धित)
### यातायात सुविका प्राप्त गर्ने लाभग्राहीहरुको अभिलेख

| क्र. स. | लाभग्राहीको नाम | ठेगाना | वर्गीकृत जातजाति | परिचय पत्र प्राप्त मिति | प्रदान गरिएको रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

...............
आज्ञाले
ज्ञानमणि नेपाल
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति : २०७९/०३/३१